GLOBAL NEPALI SPEAKING CHRISTIAN LEADERS'

# CONFERENCE 2019




# 2ND GNSCF REPORT 2019

GNSCF

GLOBAL NEPALI SPEAKING CHRISTIAN FELLOWSHIP

GNSCF
Global Nepali Speaking Christian Fellowship

# 2ND GNSCF Leaders Conference

March, 12-14, 2019
Kathmandu, Nepal



# स्वागतम ।

विश्वभर छरिएर रहनुभएका नेपाली भाषा बोल्ने सबै प्रिय अगुवाहरु राष्ट्रिय सीमारेखालाई पर्वाह नगरि एकतालाई कायम राख्न र ख्रीष्टको महान आज्ञा पूरा गर्नलाई एकबद्द भएर लाग्नलाई समर्पित भएको यस ग्लोबन नेपाली भाषी ख्रीष्टियन संगतीद्धारा आयोजित यस दोस्रो अगुवा सम्मेलनमा हामी आयोजक राष्ट्रको टिमको तर्फबाट उपस्थित सबै मण्डलीका पास्टरहरु, संस्था प्रभुखहरु, राष्ट्रको विभिन्न निकायमा कार्यरत सेवकहरु, मिसनेरीहरु, साथै विभिन्न देशमा रहेर मण्डली स्थापनाको सेवामा समर्पित सबै प्रिय अगुवाजनहरुलाई काठमाडौमा हार्दिक स्वागत गर्दछु । पौरखी नेपाली भाषीहरुले मिसनको काममा देखाएको तत्परता र समर्पणताले नेपाली भाषी मण्डलीहरु संसारभर पुग्न सफल भएको छ । हामी जुनसुकै कारणले किन नहोस संसारको जुनसुकै कुनामा पुगेपनि त्यहाँ सुसमाचार र मण्डली स्थापना गर्ने कार्यमा समर्पित छौ भन्ने कुरामा कुनै दुबिधा छैन । यसैको ज्वलन्त उदाहरणस्वरुप नेपाली भाषामा मण्डलीहरु हजारौंको संख्यामा संसारभर पुगेका छन् । नेपाल देश बाहिर संसारको जुनसुकै देशहरुमा रहेर सेवा गरिरहनुभएको सबै प्रियहरुप्रति हामी हृदयबाट नै सम्मान जनाउन चाहान्छौ । हामीहरुको विविधताबीच पनि हामीलाई एक गराउनुहुने परमेश्वरका प्रियहरु भएर यसरी दुई वर्षमा एक पटक भएपनि भेटेर संगती गर्न पाउनु कति आनन्दको कुरा हो । यो सम्मेलन एकताको निम्ति होइन तर हाम्रो भिन्नताको बीच पनि ख्रीष्ट येशूमा हामी अघिबाटै एक भइसकेका छौ यसकारण हामी महान आज्ञा पुरा गर्न एकजुट भएर लाग्ने यो एउटा अभियान भित्र यतिका जोशका साथ उपस्थित भएका छौ । एक पटक फेरि पनि धेरै अवरोध र चुनौतीहरुको बीचमा पनि यस सम्मेलनमा पाल्नुहुने सबै प्रियहरुमा नेपाल आयोजक टीमको तर्फबाट हार्दिक स्वागत गर्दछौ । यस सम्मेलनको घटि कमीलाई ग्रहण गरि सौहार्दतामा रहिदिनुहुने सबै अग्रज अनि ख्रीष्टका सेवकहरुप्रति कृतज्ञता पनि टक्राउँदछौ ।

उहाँको सेवामा,

पास्टर लाजरस थुलुङ
संयोजक, जीएनएससीएफ नेपाल टीमको तर्फबाट



Dear Pastors and Leaders,

Greetings to you all in the most high name of our Lord, Jesus Christ!
It's with my immense pleasure that I would like you to "WELCOME" you all to the historical event, **2nd Global Nepali Speaking Christian Fellowship-Leaders Conference 2019 on March 12-14 in Kathmandu, Nepal**. On behalf of the GNSCF working teams, I would also like to thank you all for your participation. You are part, not only of this historical event, but also of the history itself!

We envision the GNSCF to be a platform both for all Nepali-speaking Christians in Nepal and for those scattered in the global diaspora. Together, we are all in the mission of fulfilling our Lord Jesus' vision and creating a platform that unites us to jointly see what Jesus Christ showed us in Acts 1:8. I hope that this gathering will bring us together to uphold each other's hands for achieving our common goal.

I am eagerly anticipating the day to see you all face to face and exchange the stories of blessing that God has been pouring into each of our lives and ministries in various forms. I hope you all are as excited and thrilled as I am. May we continue to pray and participate in putting every piece of GNSCF together until it is made full and beautiful.

God bless you all as you each continue to bless others.

Sincerely,

Bhadra Nechali Rai

GNSCF

www.gnscf.org

# Bhutanese-Nepalese Churches of America

941 Garden Oak Court, Lawrenceville, GA 30043 USA

www.bncamerica.com, Email – bnca@bncamerica.com, Tel. 614-849-6956


फरवरी २५, २०१९

सम्पुर्ण आदरणीय पास्टर/अगुवाजनहरू,

GNSCF Leaders Conference 2019, दोस्रो ऐतिहासिक सम्मेलनमा विश्वभरीका नेपालीभाषी ईसाइ अगुवाहरूको भेलामा परमेश्वरले आशिष् दिनुभएको होस् । विभिन्न राष्ट्रबाट एउटै थलोमा भेला भएर परमेश्वरको राज्यको निम्ति प्रत्येक जनाले आ-आफ्नो ठाउँबाट पुऱ्याउँदै आउनुभएको विभिन्न प्रकारको योगदान र सेवाको कदर गर्दै आपसी मल्याङ्कन, छलफल र उत्साह गर्ने गराउने विशेष समयमा यो महत्वपूर्ण सम्मेलनले हामी नेपाली जाति मिशनेरी जाति बन्दैछौं र परमेश्वरले हामीलाई प्रयोग गर्दै हुनुहुन्छ भन्ने कुरालाई मध्यनजर राखेर एउटाले अर्कोलाई सहयोग गरौं र परमेश्वरमा भएर उत्साह दिँदै अघि बढौं ।

हामी अमेरिकी भुटानी नेपाली मण्डलीहरू (BNCA) बाट 2nd GNSCF Leaders Conference 2019 लाई हाम्रो प्रार्थनामा उचाल्दै यहाँहरूलाई अविवादन तथा शुभकामना व्यक्त गर्दछौं ।

खीष्टमा सहकर्मी

| | |
|---|---|
| पा. जोन राई | पा. नर्बु तामाङ्ग |
| बि.एन.सी.ए. सचिव | बि.एन.सी.ए. अध्यक्ष |

# राष्ट्रिय ख्रीष्टियन महासंघ, नेपाल
## Federation of National Christian, Nepal
(FNCN)


प.सं. २०७५/०७६

च.नं. २०१५

मिति २०७५-११-१४

## हार्दिक शुभकामना

Global Nepali Speaking Christian Fellowship को आयोजना काठमाण्डौमा हुन लागेको दोस्रो ग्लोबल नेपाली भाषी अगुवा सम्मेलन यही मार्च 12-14, 2019 सम्म हुन गइरहेको सुन्न पाउदा हामी गौरवन्धीत भएका छौ । विश्वभर छरिएर रहेका मण्डली तथा संघ संस्थाका पाष्टर तथा अगुवाहरुको यो सम्मेलन भव्यताको साथ सम्पन्न होस् र विश्वभरका नेपाली भाषीहरुलाई जोड्ने फुलको रुपमा काम गर्नुहुने यस सम्मेलनका नेपाल तथा अन्तराष्ट्रिय कार्यकारी टीमलाई पनि निरन्तरताको प्रार्थना सहित राष्ट्रिय खीष्टियन महासंघ नेपालको तर्फबाट बधाई तथा सफलताको शुभकामना प्रदान गर्दछौ ।

सेवामा

**सी.वी. गहतराज**
अध्यक्ष
राष्ट्रिय खीष्टियन महासंघ
केन्द्रिय कार्यालय, नेपाल

P. O. Box: 14141, Kathmandu, Nepal, Email: fncn2011@gmail.com
www.fncnnepalwordpress.com

दर्ता नं. ९२१/५४/५५ Reg.921/54/55

"आत्माको एकता राख्न शान्तिको बन्धनमा परिश्रम गर" (एफिसी ४:३)
"Make Every Effort to keep the Unity of the Spirit" (Eph 4:3)

NCF NEPAL
एन सी एफ नेपाल

NATIONAL CHURCHES FELLOWSHIP OF NEPAL
नेपाल राष्ट्रिय मण्डली संगति

## हार्दिक बधाई तथा शुभकामना

आज हामी एक्काइसौं शताब्दीको उत्तराईतिर अगाडि बढी रहेका छौं र सारा संसार विकासको चरम अवस्थातिर लम्किरहेको छ । तर अचम्म लाग्दो कुरा विज्ञान र प्रविधिका कारण संसार आज एउटा सानो गाँउजस्तै हुन पुगेको छ । यही संसारका हरेक कुना-काप्चाहरूमा नेपाली भाषी दाजुभाइ, दिदीबहिनीहरू बसोबास गर्नुहुन्छ । यसरी संसारैभरि छरिएर रहेका नेपाली भाषीहरू विशेषगरी प्रभुका जनहरू गत सालबाट एक ठाउँमा भेला भएर आफ्नै मातृभाषामा प्रभुको महिमा गर्ने तथा उहाँको गुणगान गाउने काम गरिरहनु भएको छ । २०१९ मार्च १६-१८ सम्म १३ राष्ट्रबाट ९५० जना भारतको सिल्गुडीमा जम्मा हुनुभई हामी जहाँ जुनसुकै ठाउँमा भए पनि नेपाली भाषी हौं र हाम्रो आफ्नोपनलाई माया गर्छौं भन्ने कुराको उदघोष गर्नु भएको थियो । त्यसैगरी यही २०१९ मार्च १२-१४ सम्म काठमाडौं, नेपालमा Nepali Speaking Christian Fellowship को आयोजनामा दोस्रो Global Summit हुँदैछ भन्ने कुरा सुन्न पाउँद खुसी लागेको छ । यति ठूलो सम्मेलन नेपालमा गरी विश्वभरि छरिएर रहेका नेपाली भाषीहरूलाई एकतावद्ध गरी प्रभुको महिमा गर्न लाग्नु भएकोमा आयोजक समितिलाई हार्दिक बधाई दिँदै सम्पूर्ण सहमागीहरूलाई नेपाल राष्ट्रिय मण्डली सङ्गतिको तर्फबाट यस सम्मेलनमा स्वागत गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

नेपाल राष्ट्रिय मण्डली संगति ★२०१७★

पास्टर सूर्य ब.बल तामाङ (हनोक)
अध्यक्ष
नेपाल राष्टिय मण्डली सङ्गति

पास्टर शेर ए.सी.
महासचिव
नेपाल राष्टिय मण्डली सङ्गति

Mailing Address: P.O. Box 4689, Kathmandu, Nepal, Phone:01-5193758, Fax: 977-1-5193019
E-mail: ncfnepals@gmail.com/info@ncfnp.org/www.ncfnp.org

## हार्दिक शुभकामना

यही मिति २०७५ साल फागुन २८ देखि ३० मा ग्लोबल नेपाली स्पीकिङ्ग ख्रीष्टियन फेलोसीप (GNSCF) को आयोजनामा काठमाडौंमा सम्पन्न हुन गईरहेको विभिन्न देशमा छरिएर रहेका नेपाली भाषीहरूको अन्तर्राष्ट्रिय सम्मेलनको सफलताको निम्ति नेपाल ख्रीष्टियन समाज (एन.सि.एस.) हार्दिक शुभकामना व्यक्त गर्दछ । नेपाल ख्रीष्टियन समाज देश तथा विदेशबाट पाल्नुहुने सम्पूर्ण पास्टर तथा अगुवाहरूलाई भेट्न र भलाकुसारी गर्न अति उत्साहित छ । यस सम्मेलनले विभिन्न देशहरूबाट प्रतिनिधित्व गर्नुहुने नेपाली भाषीहरूबिचको सम्बन्धलाई प्रगाढ बनाउन अनि परमेश्वरको सेवाको निम्ति राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पहिचान स्थापित गराउनका निम्ति निर्णायक भूमिका खेल्नेछ भन्ने आशा गर्दछौँ । यसका साथै नयाँ रणनीतिक योजना तयार पारी परमेश्वरको राज्यवृद्धिमा नेपालीलाई स्थापित गर्नुमा यस सम्मेलनले उत्प्रेरित गर्नेछ भन्ने आशा गर्दछौँ । यस सम्मेलनका निम्ति हामी परमेश्वरलाई धन्यवाद ज्ञापन गर्न चाहन्छौं । हामी विश्वास गर्दछौं, परमेश्वरले सुरू गर्नुभएको काम उहाँले अवश्य पनि पूरा गर्नुहुनेछ ।

उहाँको सेवामा

पा. वानावासश्रेष्ठ
अध्यक्ष, नेपाल ख्रीष्टियन समाज

पा.डिल्लीराम पौडेल
महासचिव, नेपाल ख्रीष्टियन समाज



I count it a privilege to join you all in this conference. Lord has been using Nepali-speaking communities to be light of the world. I personally excited to be part of this conference. My prayer is that all of us will experience God afresh and be enlightened more by the fact that He has made us a light to the unbelieving world. The apostle Paul said in 1 Thessalonians 5:5, " You are all sons of the light and sons of day. We do not belong to the night or to darkness. So then, let us not be like others, who are asleep, but let us be alert and self-controlled.

What does it mean it be sons of the light? How do we shine His light effectively so others may also know the True Light? What hinder us from truly living out our calling us a light to the unbelievers? These are few general questions, I hope we can address in our time together. I wish and pray for the conference.

Dr. Tom Roxas

IGSL
INTERNATIONAL GRADUATE SCHOOL OF LEADERSHIP

**DR. TOM ROXAS**

**President**

4544546 to 49 (loc. 117)

www.igsl.asia

12 Daisy St., Old Sauyo, Novaliches, Quezon City 1116

RREACH
Ramesh Richard Evangelism and Church Health



March 2019

Greetings, fellow-workers in God's harvest:

What a joy it brings me to join you at the Global Nepali Speaking Christian Fellowship (GNSCF) Leaders Conference. I still remember, as a young lad in southern India, being prompted to pray for your great land because of the major pressures Jesus' believers and followers would face.

And yet, as all through church history, the social pressure broke the spiritual dam and opened it up for those to follow—YOU today! The growth of Christ's people in Nepal has exceeded all expectations to become an example of blessing, energy and momentum that could only be explained by the Owner and Builder of the Church—the Lord Jesus Christ (Matthew 16:18).

Since we meet in His name, all glory belongs to Him alone. Since He has called us to participate in His initiatives among Nepali speakers all over the world, we gather together as servants who equip His people to do the works of service which He has prepared for each us from all eternity.

My visits to Nepal have taught me a lot. Whether being with the 1,000-plus pastoral leaders in 2001 or after the earthquake in 2015, I have learned that many of God's heroes of the Faith live and serve in and from Kathmandu all over the nation and beyond.

I am honored to serve over these days, and want to thank the hosts of the GNSCF Leaders Conference for this invitation to be with you. May a fire be lit that blazes across the Nepali-speaking world with light in the darkness and warmth in the cold of human existence.

Let me close with the beautiful exhortation and assurance of 2 Chronicles 15:7 to spiritual leaders: "But as for you, be strong and do not give up, for your work will be rewarded."

In the Inexhaustible Vine,

Ramesh Richard

ramesh richard phd, thd
president, RREACH/professor, Dallas Seminary
founder, TOPIC/general convener, GProCongress

17110 Dallas Parkway | Suite 230 | Dallas, Texas 75248 | +1.972.528.6100 *phone* | www.rreach.org



Dear global leaders,
It gives me a great amount of joy to see all of us together in this historic capital city of beautiful country Nepal Kathmandu to celebrate the goodness of the gospel that came to us long ago and now we are flourishing as he promised in his word according to acts 1:8. I wholeheartedly welcome you and wish you all the best for your futures ministry will never remain the same as we develop our networks and friendship /partnership with same vision and goal that make Jesus Christ known where it hasn't been yet. I am confident that together we can make greater difference. I pray that we will forget all our differences and embrace his passion and make this movement a huge mission movement in our own Nepali-speaking world.

With best regards

Rev. DawaSingye
Coordinator, GNSCF India chapter



# History

Global Nepali Speaking Christian Fellowship (GNSCF) is a networking Mission Movement based in the USA. Under the initiative and coordination of Ps . Bhadra Rai and Leaders of  Bhutanese Nepalese Churches of America a vision to build a network among all Nepali Speaking Christian Leaders/Pastors around the globe and have fellowship at least every two years with a purpose of encouraging, supporting and empowering leaders who in turn can build up a strong, healthy and effective churches born.

God put a burden in the heart of Bhutanese Nepalese Churches of America Pastors to help Nepali speaking pastors and christian leaders around the globe connect with each other. They earnestly prayed about how they can effectively serve the global Nepali speaking Christian leaders to build a closer network. As a result, Pastor Bhadra Rai published a contact Directory of Global Bhutanese Nepalese Christian Leaders in July 2014. The vision kept growing. Consequently, Global Nepali Speaking Christian Fellowship (GNSCF) was birthed in January 2016.

Then first GNSCF Conference was held in Siliguri India in 2017 where around 900 Christian Leaders from 13 Countries gathered.

# 1st GNSCF -India 2017 from March 16-18 updates




The first Global Nepali Speaking Christian Fellowship Leaders Conference was held from March 16- 18 March, 2017, in Siliguri, India at HIMCORCE BHAWAN with participants from more than 13 countries. On behalf of GNSCF team members, I (Ps. Bhadra Rai) want to thank you for your prayer, partnership, financial supports to make this conference as one of the exemplary events. I especially want to thank the GNSCF Country Coordinator of India Rev. Dawa S. Bhutia and team: Rev. Daya Ratna Pradhan, Rev. Dr. Adon Rongon, Ps. Narayan Sharma, Ps.Enos Simik, Ps. Samuel Sen Gupta, Mr.T.O Panlook, Mr.Ismail Lepcha for well management.

Thank you media partners HYSSOP Ministry from Kalimpong and Turahi News from Kathmandu.



We are also thankful to other GNSCF Country Coordinators like Rev. Samuel Lepcha (UK), Ps. Mohan Sunuwar (Australia), Ps. Agam Limbu (Kuwait), Ps. Uttam Uprety (Denmark), Ps. Peter Rai (Canada), Eld Kailash Rai (Bahrain), Ps. H.B Bajgai (Bhutan), Ps. Ran Basnet (Norway), Ps. Lazarus Thulung (Nepal), Mr. Mitra Rai (New Zealand),

Mr. Kumar Aryal (Philippines), Mr. Tites Rai (Netherland), Ps. Solomon Adhikari (Singapore), Ps. Kailas Kharel ( Thailand), Ps. Dinesh Rahut (Spain), Ps. John Magar and Dr. Manoj Shrestha (USA).

Finally, I would like to thank the keynote speakers and workshop speakers and all the participants from different parts of the Globe. We held various types of programs during the 3-day event; including preaching from keynote speakers, exhortations, workshops and a panel session with (4) main keynote speakers, (3) three exhortation speakers and (11) eleven workshop speakers. All of the speakers spoke from their hearts to impart to our delegates and were well prepared and enthusiastic in their presentations.

**Ps. Bhadra Rai- GNSCF –President**



GNSCF - Purpose

# Meet and have fellowship with Nepali Christian leaders around the globe and share ministry experiences, challenges and resources to encourage and be encouraged from each other.

# Keep networking among global Nepali Christian leaders so as to support each other through prayers and advices.

# To encourage one another as one body in Christ. (1-Thessalonians 5:11).

# To build our Nepali Christian community. (1 Thessalonians 5:11).

# To recognize our Christian Nepali speaking senior leaders who have sacrificed their lives for us.

# To fulfil the great commission. (Mathew 28:19-20).

# Vision of GNSCF

Build a global network of fellowship for encouraging, supporting and empowering leaders to build a strong spiritual, intellectual and economical conditions of Nepali speaking churches around the globe.

## CONFERENCE SPEAKERS



**Dr. Tom M. Roxas** is the president and professor of IGSL. He firmly believes in leadership by example. He is the co-author of Legacy, published by Church Strengthening Ministries (CSM) Publishing. He has spoken in various CCC conferences in Southeast and East Asia, as well as in the Philippine Military Academy Christian Fellowship (PMACF), Christ Commission Fellowship (CCF), and Greenhills Christian Fellowship (GCF). He received his PhD from Dallas Theological Seminary



God has permitted **Dr. Ramesh Richard,** the founder and president of RREACH and a professor at Dallas Theological Seminary, to be a global spokesman for the Lord Jesus Christ. The Lord has given him the opportunity to train thousands of church leaders in more than 100 countries to preach, live and think biblically. In 2016, he convened the first Global Proclamation Congress for Pastoral Trainers, in Bangkok, Thailand.


He serves as Professor of Global Theological Engagement and Pastoral Ministries at Dallas Theological Seminary. He and his wife, Bonnie, live in Dallas, Texas, and have three children and three grandchildren.



Rev P.S. Tingbo received his ThM from Princeton University, US. He is the pastor of Evangelical Presbyterian Church of Sikkim. He is the former moderator of Council of Evangelical Presbyterian Church of Sikkim. Rev Tingbo served as a mobile missionary to Bhutan for six years. He has served in Pastoral capacity for forty nine years.



Dr. Mangal Man Maharjan is the senior pastor of Koinonia Churches, an indigenous church planting movement of Nepal. He has written more than 15 helpful books in preaching God's word which are widely used by Nepali pastors world over. He is known for his expository preaching of scripture. He received his ThM and D.Min from ACTS Korea.



Ps. Robort Karthak is the senior Pastor of Nepali Isai Mandali. He is serving as pastor Since five Decade.



Worship Service will be lead by
**PS. SAMUEL KARTHAK** and Choir Team.



**Rev. Joseph Shrestha** is a founder pastor of A.G. Church Dhangadi. He is also a chairman of Nepal A.G. Church group. He recently appointed as a chairman of Nepal Christian Society. He is good speaker and Bible teacher. He is going to speak a devotional message in the conference on the title of "Pastoral spiritual life."

# Plenary Session Topics

Strategic plan for diaspora mission. (Dr. Valerie M Inchley)
Being a church in a pluralistic society.(Dr. Bal Krishna Sharma)
Sustainable church for global evangelism (Eld. Daya Ratna Pradhan)
Urban Ministyr and challenges. (Dr. Manoj Shrestha)
Christian Role in the Goverment.(Rev. Yagya Raj Subedi)
Effective mission through media. (Dr. Adon Rongong/Ps. Beni Karki)

# Plenary Session Leaders



**Dr. Valerie M** Inchley is a medical doctor from the UK who has spent over 40 years living and working in Nepal. She worked in a variety of roles in a health and development INGO. Later, she became involved in Bible teaching which led to her visiting and working with Nepali migrants worldwide.



**Elder Dr. Bal Krishna Sharma** serves as the Principal of Nepal Theological College. He received his PhD from University of Wales. He has written three books on religions and worldviews and many articles.



**Pastor Dr. Manoj Shrestha**

**is the Pastor of Nepali Baptist Church in Baltimore and an adjunct professor at Towson University. Dr Shrestha received his PhD from Princeton University.**

**Ram Chandra Timothy**

**Ram Chandra Timothy is a founder director of EKTA Books and publication. He has contributed to write many educational books for schools. He lectures and speaks in different seminars and conference concerning writings and publicztions. He is going to lead a panel session on the title of "Writing, editing, Bibliography, and Copy Right."**





**Ps. Beni Karki**

is a Director of Promise Productions. They Broadcast 'KHUSI KO SANSAR' and 'NAYA JIVAN' in nepal Television and 'SUPER BOOK' Through Image Channel.

# COUNTRY COORDINATORS




Ps. John Magar
USA




Ps. Manoj Shrestha
USA




Mr. Kumar Arya
Philippines




Mr. Mitra Rai
New Zealand




Ps. Ran Basnet
Norway




Ps. Lazarus Thulung
Nepal




Eld Kailash Rai
Bahrain




Ps. Peter Rai
Canada




Ps. Uttam Uprety
Denmark




Rev. Samuel Lepcha
UK




Ps. Solomon Adhikari
Singapore




Mr. Tites Rai
Netherlands




Ps. Agam Limbu
Kuwait




Ps. Mohan Sunuwar
Australia




Ps. Dinesh Rahut
Spain




Ps. Kailas Kharel
Thailand




Eld. Michael Limbu
Hong Kong




Eld. Surya Rai
Japan




Ps. Phurka Tamang
Malaysia




Bro. Daniel Waiba
Portugal




Ps. Anish Rimal
Australia




Eld. Rajendra Prasad Dhaka
Qatar




Ps. Daulat Thulung
Israel




Ps. Som KC
UAE




Rev. Dawa S. Bhutia
India




Ps. Mukti Gurung
Belgium




Ps. Aadarsh Rajbhandari
Germany

**Working Team (Nepal) :**

Ps. Lazarus Thulung -9851159999
Rev. Dev Kumar Chhetri -9851019611
Eld. Prakash Shrestha -9816167685
Ps. Dilli Ram Poudel -9851085224
PS. James Rai -9841233198
Ps. Raj Kumar Rai - 9842648798
PS. Kuber Gurung - 9852049917
Eld. Ram Psd. Shrestha -9841984171
Ps. Suklal Tamang -9804234931
Ps. Pasang Lama -9841570984
Ps. Ganga Saud -9846900750
Ps. Nabin Darlami-984805095
Ps. Khadga Shahu-9848427508
Ps. Jyoti K. Sunuwar- 9851152504
Ps. Nanda Ghartimagar-9848216174
Ps. Ruben Rai- 9801131034

**Logistic Team**

Ps. Aita Limbu -9841208352
Anugrah Poudel -9801002442
Beki Maharjan -9823405987
John Chhetri -9841286852

**Board of Advisors:**

Dr. Mangalman Maharjan
Dr. Mahendra Bhattarai
Dr. Dipendra Gautam
Rev. Joseph Shrestha
Rev. Tulasing Rai
Rev. Grishma Parajuli
Ps. Samuel Karthak
Rev. Daniel Subba
Rev. N.D. Thulung
Rev. Hanok Tamang
Rev.D.K. Daniel Limbu
Shri Indra Shrestha

# Global Nepali Speaking Christian Fellowship

## 12-14 March 2019

Heritage Garden, Kathmandu, Nepal

GNSCF
Global Nepali Speaking Christian Fellowship

## **Program Schedule**

<table>
<tr><th>Time/Date</th><th>March 12, 2019 (Tuesday)</th><th>March 13, 2019 (Wednesday)</th><th>March 14, 2019 (Thursday).</th></tr>
<tr><td>7:30-8:30 AM</td><td rowspan="5">Arrival</td><td>Breakfast</td><td>Breakfast</td></tr>
<tr><td>8:30-9:30 AM</td><td>Devotion<br>Ps. Robert Karthak<br>Prayer for Nation: India</td><td>Devotion<br>Rev. Joseph Shrestha<br>Prayer for the countries:<br>Saudi Arabia, Qatar</td></tr>
<tr><td>9:30-9:45 AM</td><td>Presentation & Prayer:<br>Bhutan, Thailand, Malaysia</td><td>Presentation and Prayer:<br>UAE, HK, Philippines</td></tr>
<tr><td>9:45-11:00 AM</td><td>Session –II<br>Dr. Ramesh Richard<br>Prayer for the Country: UK</td><td>Session – V<br>Dr. Ramesh Richard<br>Prayer for the countries:<br>Australia, S. Korea</td></tr>
<tr><td>11:00-11:30 AM</td><td>Break</td><td>Break</td></tr>
<tr><td>11:30-11:45 AM</td><td rowspan="3">Registration</td><td>Country Prayer:<br>Netherlands, Europe</td><td rowspan="2">Closing and Declaration Ceremony<br>1. Prayer for Nepal & Remaining countries<br>2. Declaration<br>3. Lord Supper<br>5. Benediction Prayer</td></tr>
<tr><td>11:45-1:00 PM</td><td>Session-III<br>Ps. Dr. Mangalman Maharjan<br>Prayer for the countries:<br>Kuwait, Bahrain</td></tr>
<tr><td>1:00-2:15 PM</td><td>Lunch</td><td>Lunch</td></tr>
<tr><td>2:15-4:00 PM<br>Opening Ceremony</td><td>Opening Ceremony<br>(Dr. Tom Roxas)</td><td>Panel Session<br>(Different Group)<br>2:15 PM - 3:45 PM<br>3:45-4:00 (Free Time)</td><td>Departure</td></tr>
<tr><td>4:00-4:30 PM</td><td>Break</td><td>Tea-Break</td><td></td></tr>
<tr><td>4:30-5:45 PM</td><td>Session I<br>Rev, P. S. Tingbo<br>Prayer for Nation: USA</td><td>Session –IV<br>Dr. Tom Roxas<br>Prayer for countries:<br>Japan, Israel</td><td></td></tr>
<tr><td>5:45-6:45 PM</td><td>DINNER</td><td>DINNER</td><td></td></tr>
<tr><td>6:45 PM</td><td>Catch the Bus</td><td>Catch the Bus</td><td></td></tr>
</table>

# २०१९ को सम्मेलन प्रतिवेदन

# परमेश्वरलाई नै महिमा होस्



पा. लाजरस थुलुङ
संयोजक, काठमाडौं जी.एन.एस.सी.एफ. सम्मेलन २०१९

विश्वव्यापी नेपाली भाषी ख्रीष्टियन संगती (जि.एन.एस.सी.एफ.) द्वारा आयोजित दोस्रो सम्मेलन नेपालमा गर्ने भनेर २०१७ मा सिलिगुडीमा सम्पन भएको सम्मेलनमा नै निर्णय गरिएको थियो । सम्मेलनको अन्तिम दिन म विशेष कारणबस काठमाडौं फर्किनु पर्ने भएकोले अन्तिम निर्णयको घडीमा म अनुपस्थित रहेँ । तर सम्मेलनमा नेपालमा हुने कुरा पनि घोषणा भयो र मेरो नाम संयोजकमा राखिएको कुरा पनि थाहा पाएँ । यस कुराले मेरो मनमा हलचल र छट्पटाहाट भएकै हो । यति ठूलो सम्मेलन गर्नलाई अुगवापनको जिम्मेवारी मेरो काँधमा आइपरेको थियो । नेपालमा भएका अगुवाहरूलाई एकतृत गरेर सबैको सल्लाह लिएर यति ठूलो विश्वव्यापी सम्मेलन गर्नु पर्ने जिम्मेवारी सुम्पिएकोमा समितिप्रति म आभारी नै थिएँ । तर चुनौती भने सहज थिएन । सानो टीम बनाएर काम गर्ने निधो गरियो । सबै सम्प्रदाय र मण्डलीहरूलाई समेटेर लैजानु पर्ने चुनौती र अवसर दुबै थियो । एक हजार भन्दा बढि संसारभर छरिएर बस्नुभएका अगुवाहरूको सम्मेलन काठमाडौंमा गर्नु आर्थिक र राजनैतिक रूपमा असम्भव जस्तै देखिएको थियो । यति ठूलो सम्मेलन गर्न सक्ने मण्डली भवनहरू हामीसँग उपलब्ध थिए( नन् । सम्मेलन हुन केही महिना अघि मात्र ईन्टरनेसनल पीस फेडरेसन दक्षिण कोरियाका मून (झुटा शिक्षा) समुहले गरेको सम्मेलनले राजनैतिक क्षेत्रमा ईसाईहरूप्रति निकै नै गलत प्रभाव फैलाएको थियो । यो कुरा संसद भवनसम्म राजनैतिक बहसको विषय बनेको थियो । चौतर्फी नै बिरोधहरू भएका थिए । त्यो अवस्थामा हामीहरूले सरकारसँग अनुमति लिने कि नलिने भन्ने अन्योलता थियौं । हेरिटेज भवन मात्र काठमाडौंमा एउटा यस्तो भवन थियो जहाँ हामीहरू एक हजार अगुवाहरूको सम्मेलन गर्न सक्दथ्यौं । प्रति व्यक्ति एक जनाको एउटा खाना रू. १६०० भन्दा हामी तर्सिएका थियौं । परमेश्वरको अनुग्रह र बुद्धिमा हाम्रा टीमले रू.१००० प्रति व्यक्ति एउटा खानाको मुल्यमा सम्मेलन गर्ने भनेर एडभान्स पनि दियौं । तर हाम्रो मनमा यतिका धेरै रकम कसरी उठाउँन सकिन्छ होला भनि हामी चिन्तित थियौं । परमेश्वरले हाम्रो विश्वास बढाइदिनुभयो । टीमले जोखिम उठाएर भएपनि सरकारसँग सुरक्षा माग नगरि नै सम्मेलन गर्ने निर्णयमा हामी पुग्यौ । सम्मेलन नजिकिँदै जादाँ उत्साह र भय त्यति कै बढि बढेर गएको थियो । अन्तराष्ट्रिय टीमको प्रार्थना र हौसलाले हामी सम्मेलन गर्न कम्मर कस्यौं । सम्मेलनभर सामाजिक संजालमा हामीले यो सम्मेलनबारे नराख्ने योजना गर्‍यौं ताकि कुनै पनि अवरोध नआएको होस् । भारत र भुटानबाट बसहरूमा मानिसहरू चढिसकेको खबरले हामी सम्मेलनको निम्ति जोसिएका थियौ । वक्ताहरू हामीले सोचेको भन्दा असल परमेश्वरले जुटाउनुभयो । विश्वव्यापी प्रचारक डा. रमेश रिचार्ड र डा. टोम रोहास आउने कुरा सुनेर धेरैले आर्थिक कुरा लिएर आउनेछन् भन्ने धेरैको गलत सोच पनि नगरेका होइन ।

हामीले पहिले नै घोषणा गरेका थियौं यो सम्मेलनको निम्ति वक्ताहरूलाई हामीले नै खर्च दिएर पठाउनेछौ। त्यस्तै पनि भयो। बक्ताहरूलाई खर्च पनि हामीले नै जुटाउन सक्यौ। यस असल कार्यको निम्ति परमेश्वरलाई महिमा होस्। वक्ताहरूबाट नै सम्मेलन खर्च मागेर सम्मेलन गर्ने सोचलाई हामीले चिर्न सफल भएका छौ। सम्मेलनको प्यानल सेसनका ३ जना वक्ताहरू डा. एडोन रोंगोग र एल्डर दयारत्न प्रधान बिरामीको कारण र पा. यज्ञराज सुबेदी जिम्मेवारीको कारण कोरियाबाट अन्तिम समयमा आउन सक्नुभएन। धेरै नै आत्मिक लडन्तभित्र पनि यो सम्मेलनलाई परमेश्वरले आशिषीत बनाउनुभएको छ।

सम्मेलनको दोस्रो दिन सम्म पनि हामीसँग अपुग हुने देखिएको अवस्थामा धेरैले व्यक्तिगत र सामुहिक रूपमा पनि यस सम्मेलनको निम्ति आर्थिक अनुदान दिनुभयो। नेपाली भाषीहरू पनि आफै सम्मेलन गर्न सक्षम छन् भन्ने कुरालाई पुस्टी जि.एन.एस.सी.एफ. ले पुष्टी गरिदिएको छ। यी सबैको श्रेय परमेश्वरलाई नै होस् जसले हामीलाई एउटै मन र विश्वास दिनुभयो। जी.एन.एस.सी.एफ.को शुरू देखि नै म धेरै प्रभावित भएको कारण चाहिँ यो सम्मेलनको निम्ति स्वत फूर्त रूपमा टीमका मानिसहरूले आफ्नो व्यक्तिगत आर्थिक लगानीबाट नै मिटिङ र भिजिटको खर्चहरू बेहोर्नुभएको थियो। भारतको २०१७ को सम्मेलनमा पनि नेपालका ८४ वर्ष नाघि सक्नुभएको बयोबृद्ध पास्टर उदेबसिङ सेरेङज्यूले दुई लाख सहयोग गरेर हौसला बढाइदिनुभएको थियो। यो साल पनि हाम्रो पहिलो टीमको भेलामा दाई ईन्द्र श्रेष्ठले २ लाख सहयोग दिनुभएर हाम्रो विश्वासलाई हौसला प्रदान गर्नुभयो। एक अविवाहित जवान भाई यादब राईले पनि यो सम्मेलनबारे सुन्ने वित्तिकै एक लाख सहयोग दिएर हामीलाई आट दिनुभयो। यी त एक प्रतिनिधी उदाहरणका पात्रहरू हुनुहुन्छ तर कयौंले हामीलाई बिना पत्र फोन गरेर नै आर्थिक सहयोग गर्ने प्रतिबद्दता जनाउनुभयो। बाइबल कलेज र चर्चहरूले बिना रकम पाहुनाहरूलाई बस्नको निम्ति प्रबन्ध गरिदिनुभयो। पास्टर मिनराज दुलालज्यूले १०० जनाको निम्ति बस्ने सबै जिम्मा लिइदिनुभएर हामीलाई प्रेरणा दिनुभयो। छपाईको निम्ति एकता बुक्सको संस्थापक निर्देशक श्रीरामचन्द्र तिमोथीज्यूले जिम्मा लिइदिनुभयो। यी सबै कुरालाई फर्केर हेर्दा केवल परमेश्वरको विश्वासयोग्यतालाई थाहा गर्छौ। उहाँप्रति र सम्पूर्ण सहयोगी हातहरूप्रति कृतज्ञ छौ।

नेपाल बाहिर रहनु भएको नेपाली भाषी प्रियहरूबाट व्यक्तिगत र मण्डलीहरूबाट सामुहिक रूपमा यति धेरै आर्थिक सहयोगको हात बढाउनुभयो जसको हामीसँग वर्णन गर्ने शब्दहरू नै छैनन्। सम्मेलन पछि आज आएर फर्केर हेर्दा यति ठूलो रकम बचत भएको देख्दा परमेश्वरको महान कार्यमा विश्वास गरिरहन उहाँ आव्हान गर्नुहुन्छ। अन्तत उहाँले हाम्रो ह्रदय उहाँतर्फ खिँच्नुभएको छ। सबै अन्तराष्ट्रिय संयोजक र प्रतिनीधिहरूप्रति पनि कृतज्ञता टकाउन चाहान्छौ। तपाईंहरूले आर्थिक सहायता मात्र होइन तर घुँडामा रहेर प्रार्थनासहीत हौसला दिइरहनुभयो। हामीलाई एउटै मन दिनुहुने परमेश्वरलाई महिमा होस्।

अन्तमा नेपालका सबै कार्यक्रम टीमप्रति म आभारी छु। स्वयमसेवक र सल्लाहाकारज्यूहरूप्रति पनि कृतज्ञता जनाउँदछौ। उहाँहरूको समर्पणता र लगानीको निम्ति परमेश्वरमा निरन्तर धन्यबाद टकाउँदछु। हाम्रो भिन्न विचार, क्षमता अनि बरदानहरूको बाबजुत यति मिठो अनुभव बोकेर काम गर्न सक्षम भयौं। हामी सफल भयौं भन्दैनौ तर परमेश्वरको महिमा भएको छ भन्न चाहान्छौ।

हामीले अर्को सम्मेलनको निम्ति नयाँ टीम चयन गरि आउँदो सम्मेलन थाइल्याण्डमा गर्ने भन्ने घोषणा गरिसकेका छौ। यस संम्मेलनले संसारको पल्लो छेउसम्म पुग्न र ख्रीष्टको महान आज्ञाप्रति कटिबद्द भइरहन हामीलाई प्रेरणा मिलेको होस्।

# 2ND- GNSCF - NEPAL 2019 LEADERS FELLOWSHIP ON MARCH 12-14, KATHMANDU, NEPAL.



Ps. Bhadra Rai
GNSCF-President
gnscf2016@gmail.com, www.gnscf.org

The second Global Nepali Speaking Christian Fellowship Leaders Conference was held from March 12-14 March, 2019, in Kathmandu, Nepal at Heritage Garden with participants around one thousand from more than 20 countries around the world. On behalf of GNSCF team members, I (Ps.Bhadra Rai) want to thank you for your prayer, partnership, financial supports to make this conference as one of the exemplary fellowship with Pastors and Leaders around the Globe. I especially want to thank the GNSCF Country Coordinator of Nepal Ps. Lazarus Thulung and his entire team for well management. Thank you Ps. Samuel Karthak and entire team for leading us in worship service. Thank you, media partners "Promised TV" and all others media for taking your valuable time.

I would like to thank the keynote speakers Dr. Tom Roxas ( Philippines),Dr. Ramesh Richard(USA), Rev. P.S Tingbo (India), Dr. Mangal Man Maharjan (Nepal), Ps. Robert Karthak (Nepal), Rev. Josephe Shrestha (Nepal) and workshop speakers Dr. Valerie Inchley (UK),Dr. Bal Krishna Sharma (Nepal), Dr. Manoj Shrestha(USA), Ps. Beni Karki (Nepal) and all the participants from different parts of the Globe.

Finally, we are also thankful to GNSCF-Country Coordinators from different country of the world as Elder. Kailash Kumar Rai (Bahrain), Elder. Michael Limbu(Hong Kong), Elder. Surya Rai( Japan), Rev. Dawa Bhutia (India), Rev. Samuel Lepcha (UK), Ps. Anish Rimal (Australia), Ps. Agam Limbu (Kuwait), Ps. Uttam Uprety (Denmark), Ps. Peter Rai (Canada), Ps. H.B Bajgai (Bhutan), Ps. Ran Basnet (Norway), Ps. Lazarus Thulung (Nepal), Mr. Mitra Rai (New Zealand), Dr. Kumar Aryal (Philippines), Mr. Tites Rai (Netherland), Ps. Solomon Adhikari (Singapore), Ps. Kailas Kharel ( Thailand), Ps. Dinesh Rahut (Spain), Ps. John Magar and Dr. Manoj Shrestha (USA), Ps. Phurka Tamang (Malaysia),Mr. Daniel Waiba (Portugal), Elder. Rajendra Dhakal ( Qatar), Ps. Daulat Thulung (Isreal), Ps. Som KC ( UAE), Ps. Mukti Gurung (Belgium),Ps. Aadarsh Rajbhandari ( Germany),Ps.Raju Rana Magar (South Korea), and Mr. Yohan Tamang ( Switzerland).
Thank you all our prayer partners and supporter for your prayer and help us to make this success of this fellowship. Let us keep our spirit of unity in Christ and build each other as brother and sisters in Christ!

Thank you

# सम्मेलनका सहभागिहरूको प्रतिकृया



ताम्लीङ TB Subba SFS
DFO Forest Gos
Mehi EPCS, Sikkim

समस्त विश्वव्यापी मण्डलीका प्रिय प्रभुका जनहरूलाई
जय मसिह एंवम् ख्रीष्टमा न्यानो अभिवादन
नेपाल अधिराज्यको राजधानी काठमाडौंमा गत मार्च महिनाको १२, १३ र १४ तारिख अन्तराष्ट्रिय नेपाली भाषी ईसाइ संगति सम्पन्न भयो । मलाई पनि निम्तो थियो, गएँ, सहभागि भएँ । राम्रो लाग्यो । आशिषित भयो । बक्ताको बचन, आशिषित र चुनौतीपूर्ण थियो । विश्वभरिको करिब २० भन्द धेरै देशबाट नेपाली भाषी ईसाइहरूको सहभागिता थियो । दक्षिण पूर्वी एसियाई देशहरूमा, मध्य पूर्वी खाडी देशहरूमा, अमेरिकामा, यूरोपेली देशहरूमा कस्तो प्रकारले नेपालीहरूको बिचमा सेवाकाई भइरहेको स्पष्ट थाहा पाइयो । कसको लागि, के को लागि प्रार्थना गर्नु पर्ने छर्लङ्ग भयो ।
यसरी विश्वव्यापी नेपाली भाषी ईसाइहरू कहिले कहिले भेटघाट गरेर, आशिष र चुनौतीहरू बाँडचुँड गरे अति उत्तम कुरा हुनेछ । यस प्रकारको कार्यक्रमको निरन्तरता दिनु आवश्यक कुरो हो ।



कोषाध्यक्ष एल्डर हिम थापा
नेपाली होसन्ना मण्डली
हङकङ्ग लिमिटेड
नेपाली इसाई परिषद
हङकङ्ग लिमिटेड

सम्पूर्ण आदरणीय GNSCF समूहका पाष्टर/अगुवा ज्यूहरू
नेपालमा भएको १२-१४ मार्च २०१९ दोस्रो ऐतिहासिक सम्मेलनबाट मैले पाएको आशिषहरू भन्नु त धेरै थियो तर छोटो शब्दमा भन्नुपर्दा मेरो लागि यो ऐतिहासिक नै हुन्छ किनकी यस दोस्रो सम्मेलनमा पाएका आशिषले मलाई परमेश्वरको सुसमाचार प्रचारमा धेरै टेवा पुगेको छ, र विश्वभरी रहेका धेरै नेपाली भाषी इसाई अगुवा ज्यूहरूसँग भेटघाट हुन पाउँदा धेरै आशिषको अनुभव गरेको छु । यस GNSCF सम्मेलनमा साना तिना घटी कमी त भई नै हाल्छ तर पनि त्यसबाट पनि मैले नोक्सान नसोचिकन त्यसले मेरो जीवनमा, सेवाकाई क्षेत्रमा अवश्य पनि टेवा नै मिल्नेछ भन्ने सोँच्दछु । यस सम्मेलनमा सहभागि हुनका लागि यो अवसर दिनुहुने नेपाली होसन्ना मण्डली हङकङ्गका मेरा अगुवा ज्यूहरू तथा सम्पूर्ण कमिटी ज्यूहरूमा धन्यबाद दिन चाहन्छु । यस GNSCF सम्मेलनलाई यहाँ सम्म ल्याउनका लागि धेरै कसरत गर्नुहुने सम्पूर्ण टिमलाई मेरो हृदय देखि नै धन्यबाद दिन चाहान्छु, फेरि तेस्रो GNSCF सम्मेलनको लागि निरन्तर प्रार्थनामा उचाल्दै यहाँहरूलाई अभिवादन तथा परमेश्वरले सबैलाई आशिष दिनुभएको होस् ।



**प्रकाश मंग्राती**
कतार नेपाली खिष्टियन
मिनिस्ट्रिज (QNCM) परिवार

विश्वव्यापी नेपाली भाषी ख्रीष्टियन संगती (GNSCF) २०१९ को सम्मेलनमा भाग लिन हामी कतार नेपाली ख्रीष्टियन मिनिस्ट्रिज (QNCM) बाट १० जनाको टोली गएका थियौँ । जसको नेतृत्व आदरणीय एल्डर राजेन्द्र राज ढकाल ज्यूले गर्नू भएको थियो । कार्यक्रमको स्थलगत सहभागिताबाट इसाई जगतको अहिले सम्मकै स्तरीय संगति र आयोजना भएको पाइयो । इतिहास बोकेका हाम्रा प्रभुका दासहरूले भोगेका अनुभव र बाचन भएका बचनहरू मनिस भन्दा पनि बहुमूल्य थिए । प्रेरित १३: ४७ ले कार्यक्रमको लक्ष्यलाई दर्शाई रहँदा प्रभुको दासले भन्दै हुनुहुन्थ्यो "बिश्वासीहरू एक अर्काको प्रतिद्वन्दीहरू होइन तर प्रतिनिधिहरू होऔ ।"

आउँदै गरेको तेस्रो विश्वव्यापी नेपाली भाषी खिष्टियन संगती २०१९ को सफलता र प्रगतिको लागि निरन्तर हामी प्रार्थना र सहभागिता जनाउने पनि प्रतिवद्धता गर्दछौँ ।



**सोम के.सी**
नव जागृती नेपाली मण्डली
U.A.E

सर्बप्रथम सृष्टिकर्ता परमेश्वरलाई धन्यबाद साथै GNSCF Board का सम्पूर्ण सदस्यहरूलाई बधाई दिन चाहान्छु किनकी यो सम्मेलनले परमेश्वरको काम र तपाईहरूको पूर्ण विश्वास, साहस र उत्साहलाई प्रष्ट पार्दछ । २०१९ मार्चको यो दोस्रो GNSCF सम्मेलन मेरो निम्ती ठूलो उत्साह र जोशको कारण बनेको छ । संसार भरीबाट कुसमा टाँग्गिभएको येशूमा विश्वास गर्ने नेपालीहरूको यत्रो विशाल जमघटले मेरो आनन्दलाई दोब्बर बनाएको छ । उही येशूको नाउँमा प्रार्थना साथ GNSCF को यो दौड पूरा हुन सकोस भनी कामना गर्दछु । जयमसिह ।



Rev. Kamal BdrChettri

Assam

2nd GNSCF at Kathmandu

Conference as I touched and enjoyed mention below.

1. This will help to each other for knowing better as well as sharing resources with one another.
2. The main interaction on some issue which secured one solution from the great God's servant which was touched to me.
3. Fooding and organizing the program was excellent.

   Let GNSCF remain always for the cause of GNSCF.



नरोन्द्र रोका

हाल U.A.E Sharjah

असल गोठालो नेपाली मण्डली

विश्वव्यापी नेपाली भाषीहरूको सम्मेलन गएको मार्च १२-१४, २०१९ मा U.A.E देशबाट सहभागि हुने अवसर पाएकोमा परमेश्वर, आयोजक कमिटी र देशलाई धेरै धन्यबाद दिन चाहन्छु ।

सञ्चार माध्यम र सामाजिक सञ्जालमा सम्मेलनको प्रचार प्रसारमा जानकारी पाएको थिएँ, जसले सम्मेलनमा सहभागि हुनलाई अझ उर्जा र उत्साह दिएको थियो । साथै विश्वभरि छरिएर रहनुभएको नेपालीहरू एकै ठाँउमा जमघट हुने भएकोले गर्दा पनि हृदयबाट उत्साहित भएर सम्मेलनमा सहभागि भएको थिएँ ।

जति सुनेको थिएँ त्यो भन्दा धेरै असल र प्रभावकारी लाग्यो । जब सम्मेलनमा सहभागि भएर घर फर्कने बेलामा परमेश्वरले नेपालीहरूद्धारा विश्वमा कसरी उहाँको महान् कामको लागि परिचालन गर्नुभएको छ भन्ने सबै राष्ट्रको प्रतिनिधिबाट सुन्ने मौका पाउँदा परमेश्वरलाई हृदय देखि धेरै धन्यबादको भेटी दिएँ ।

सम्मेलनको असल सकरात्मक पक्षहरू धेरै रहेको मैले पाएँ तर ती मध्ये केही यहाँ उल्लेख गर्न मन लाग्यो यसको सुन्दर पक्ष जस्तो लाग्छ, नेपाली ख्रीष्टियन इतिहासको अग्रजहरूको सहभागि बाक्लो पाएँ, त्यतिमात्र होइन उहाँहरूको गवाही र चुनौतीको सामना साथै परमेश्वरले गर्नुभएको काम, अवर्नणीय महसुस गरेको छु ।

अर्को सन्देश भनौ वा नेपाली ख्रीष्टियन जगतलाई चुनौती भनौँ जसरी नेपाली मण्डली साथै नेपाली ख्रीष्टियनहरू सङख्यामा वृद्धि हुँदै गएको छ । जसमा वृद्धि सँगै असल स्वस्थ्यता पनि आवश्यकता रहेको पाएँ ।

अन्त्यमा सम्मेलन सफलतापूर्व सम्पन्न गर्न परमेश्वरले सहायता गर्न भएको लागि धन्यबाद दिँदै, आयोजक कमिटी र राष्ट्रलाई परमेश्वरले प्रशस्त आशिष दिनु भएको होस् आउने समयहरूमा यसरी नेपालीहरू एक साथ भेला भई सेवा संगती गर्न यो दर्शनमा अगाडि बढ्न सबै नेपाली भाषीहरूलाई परमेश्वरले सहायता गर्नु हुनेछ भनि विश्वास म उहाँमा राख्दछु ।



Pastor Philip Lepcha,
Calcutta

यस वर्षको सम्मेलनको सहभागिताहरू मध्ये परमेश्वरको सेवक सेविकाहरूको संख्यामा बृद्धिभएको देख्नपाउँदा राम्रो लाग्यो । कारण धेरै जसो सम्मेलनहरूमा सेवाकाई गर्नेहरुभन्दा साधारण व्यक्तिहरूको जमात मात्र आएका हुन्छन् । त्यसैले गर्दा पनि सम्मेलनको मूल उद्देश्य र लक्ष्य पुरा गर्नमा विश्वमा बाधा पुग्न सक्छ । धन्यबाद छ यो वर्ष रेजिस्ट्रेसन अघि नै प्रार्थना सहित ग्लोबल मिसन दर्शन र बोझ बोकेका कोअर्डिनेटरहरूलाई परमेश्वरले सम्पर्कमा ल्याईदिनुभयो । औ धेरै को संख्यामा युवा वर्गका तिमोथी, तितसहरूले सम्मेलनमा सहभागिता लिएको पाईयो । यही नै हाम्रो नेपाली ईसाई जातिको लागी विश्वमा एउटा सकारात्मक परिणाम हो । कारण धेरै जसो देशहरुमा ईसाई सम्प्रदायहरूले भोलीको तिमोथीहरूलाई गुमाई सकेको छ । परमेश्वरलाई धन्यवादहोस् ! सम्मेलनको खर्चपात सवै ब्यहोरेर पनि प्रसस्तै भएको यो एउटा ठुलो आशिष र उहाँ को जीउँदो उपस्थितीलाई महसुश गर्न सक्यौ । भविष्यमा पनि यस्तै आशिषित सम्मेलनहरू होस भनी म प्रार्थना गर्दछु ।



Ps. Timothy
Banglore

Jaimashi..yes we all are fine and good by the grace of God. All the Pastors of south India were blessed when attended the GNSCF in Kathmandu Nepal. Really it was blessed moment and the word of God which spoken by many pastos and leaders of the world. God spoke to us through his words and this made us very happy and joyful. And also we are impressed by the commitee who organized better than before and volunteers who had done their work very carefully and lovingly. Your team work and the management were really amazing. God really blessed us by GNSCF of this year. In future, we pray and hope that this programme will be more better than before. Thank you and God bless you.

# GNSCF लाई समयपछि फर्केर हेर्दा




मणि लामा
हेटौंडा


"मलाई एउटा सिट मिलाउनु, नत्र भने गाउँले र मेंरो पानी बारा-बार" उताबाट फोनमा दह्रोसंग थर्कायो मलाई । आफ्नो भने बल्ला, बल्ला नाम दर्ता गराएर घिच्रोमा Delegate card झुण्ड्याउनु पाएकोमा सर्वोच्च अदालतबाट ठुलै मुद्धा जितेको जस्तो भा छ । अब कहाँबाट सिट मिलाउनु ? नता म GNSCF Committee को माननीय नता कार्य समितीको सभापति ? अहो क्या फसाद !! अब क्यार्नी होला भनेर च्याफुमा हात राखेर दर्ता फाँटतिर कान ठाडो पारेको मात्रै थिएँ, "अग्रिम सिट बुकिङ्ग नगर्ने प्रभुका दाशहरूलाई स-सम्मान जरीवाना शुल्क ऐंचिने, आदरसहित पेनाल्टी सेक्ने" भनेपछि कुरा मिल्यो ।

